# नेपाल राष्ट्र बैंक
# बैकिङ्ग कार्यालय
# थापाथली

**विल्स फांट (खरिद इकाई)**

सूचना नं.: बै.का.(निर्माण) २/०६५।६६

(प्रथम पटक प्रकाशित मिति २०६५।९।१३ गते)

## बैंकिङ्ग कार्यालय थापाथली भवनमा EPABX सिष्टम जडान कार्यको सिलवन्दी बोलपत्र आह्वान सम्वन्धी सूचना

यस बैंकको लागि आवश्यक न्यूनतम २०० लाइन क्षमताको EPABX सिष्टम जडान कार्य गर्न शिलबन्दी बोलपत्रको माध्यमबाट खरीद गर्नु पर्ने भएकोहुंदा उक्त जडान कार्य गर्न यस कार्यालयमा सूचिकृत भएका इच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलवन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. बोलपत्र कागजात प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० दिनसम्म दिनको ३:०० बजेभित्र नेपाल राष्ट्र बैंक, बैकिङ कार्यालय थापाथली र सामान्य सेवा विभाग, बालुवाटारबाट रु. सात हजार मात्र (पछि फिर्ता नहुने) तिरी खरीद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम खरिद गर्न आउंदा निवेदनका साथ अद्यावधिक भएको फर्म दर्ता प्रमाण, ईजाजत पत्र, आधिकारिक विक्रेताको प्रमाण र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि पेश गर्न अनिवार्य हुनेछ ।

३. प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनभित्र (सो दिन विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको दिन) दिनको १२:०० बजेभित्र नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय थापाथली, काठमाडौंमा बोलपत्र दाखिला भै सक्नुपर्नेछ । साथै सोही दिन दिनको ३:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा (उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा नपर्ने) नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय थापाथली काठमाडौंमा खोलिनेछ ।

४. वोलपत्रसाथ विडबण्ड वापत आफुले कवुल गरेको भ्याट सहितको रकमको पांच प्रतिशतले हुन आउने रकम यस कार्यालयको थापाथली स्थित "स.के.हि. १३७ विल्स धरौटी" मा जम्मा गरेको सक्कल भौचर वा यस बैंकलाई मान्य हुने अन्य बैंकबाट जारी भएको बोलपत्र प्रस्ताव खोल्ने मितिबाट न्युनतम नब्बे दिनको अवधि भएको विडबण्ड संलग्न गर्नु पर्नेछ । बोलपत्रको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिले साठी दिनको हुनेछ ।

५. बोलपत्रदाता कुनै सरकारी, बैंकिङ्ग वा गैर सरकारी संस्थाको कालो सूचीमा नपरेको हुनु पर्ने छ ।

६. यस कार्यालयको मौजूदा सुचिमा नरहेका फर्म कम्पनीहरुले वोल पत्र खरिद गर्नूपुर्व मौजूदा सूचिमा नाम दर्ता गराउनू पर्नेछ ।

७. उपरोक्त अनुसार रीत नपुगेको वा म्याद भित्र प्राप्त नभएको वा झुटा विवरण पेश गरेको देखिन आएमा यसरी पेश भएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

८. EPABX सिष्टमको अनुमानित लागत मू.अ.कर समेत रु.२७,०३,०४४।७५ (अक्षरेपी सत्ताइसलाख तीन हजार चौवालिस पैसा पचहत्तर मात्र) रहेको छ ।

९. बोलपत्र स्वीकार गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

१०. बोलपत्र सम्वन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम तथा सार्वजनिक खरिद ऐन, २०६३ र नेपाल राष्ट्र बैंक खर्च व्यवस्था विनियमावली, २०६४ मा उल्लेख भए बमोजिम हुनेछ । यस सम्वन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय, थापाथली, विल्स फांट (खरिद इकाई) मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । बोलपत्र सम्वन्धी सूचना यस बैंकको वेभसाईट www.nrb.org.np मा पनि हेर्न सकिने छ ।